# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिकशास्त्र सङ्काय
## आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०८२

त्रिभुवन विश्वविद्यालय ऐन, नियमावली तथा कार्यकारी परिषद्को छात्रवृत्तिसम्बन्धी निर्णयको अधीनमा रही आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजले दिँदैआएको छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्न आवश्यक भएकाले विद्यापरिषद् स्थायी समिति, मानविकी तथा सामाजिकशास्त्र सङ्कायको मिति... २०८२।०९।१७ को निर्णयानुसार यस संकायअन्तर्गत आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमको लागि तोकिएको छात्रवृत्ति व्यवस्थापन गर्ने प्रयोजनार्थ यो निर्देशिका तयार गरिएको छ ।

### १.सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम 'त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा छात्रवृत्तिसम्बन्धी निर्देशिका, २०८२' रहेको छ ।

(ख) यो निर्देशिका त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गतको विद्यापरिषद स्थायी समितिबाट पारित भएको मितिबाट लागु हुनेछ ।

(ग) यस निर्देशिकामा कुनै त्रुटि पाइएमा त्यसलाई सच्चाउने अधिकार त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतको विद्यापरिषद् स्थायी समितिलाई हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ ।

(ख) 'कार्यकारी परिषद्' भन्नाले त्रि.वि. ऐन, २०४९ दफा (१३) बमोजिमको कार्यकारी परिषद्लाई सम्झनु पर्छ ।

(ग) 'सङ्काय' भन्नाले विश्वविद्यालय अन्तर्गतको मानविकी तथा सामाजिक शास्त्र सङ्कायलाई सम्झनु पर्दछ ।

(घ) 'विद्यापरिषद् स्थायी समिति' भन्नाले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतको समितिलाई सम्झनुपर्दछ ।

(ङ) 'छात्रवृत्ति' भन्नाले नियम (५) बमोजिम विद्यार्थीहरुलाई दिइने छात्रवृत्तिलाई सम्झनुपर्दछ ।

(च) 'शैक्षिक संस्था' भन्नाले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतका आन्तरिक स्रोतवाट कार्यक्रम सञ्चालन गरिहेका आङ्गिक/सम्बन्धन प्राप्त (सामुदायिक वा निजि स्तर बाट सञ्चालित) क्याम्पस/कलेजलाई सम्झनुपर्दछ ।

(छ) 'आन्तरिक स्रोतवाट सञ्चालित कार्यक्रम' भन्नाले त्रि.वि., मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत आन्तरिक स्रोतवाट सञ्चालनार्थ स्वीकृत स्नातक र स्नातकोत्तर कार्यक्रमलाई सम्झनुपर्दछ ।

(ज) 'विपन्न, दुर्गम, दलित, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम, सहिद तथा जनआन्दोलनका घाइते पीडित परिवार' भन्नाले नेपाल सरकारले सोही शीर्षकमा गरेको वर्गीकरणलाई सम्झनुपर्दछ ।

**३. उद्देश्य**

यो निर्देशिकाको उद्देश्य शैक्षिक संस्थाहरुले प्रदान गर्ने छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्नु हुनेछ ।

**४.छात्रवृत्तिको सङ्ख्याः**

शैक्षिक संस्थाहरुले प्रदान गर्ने छात्रवृत्तिको सङ्ख्या निम्न बमोजिम हुनेछ ।

(क) त्रि.वि. सभा तथा कार्यकारी परिषद्ले शैक्षिक संस्थाहरुलाई आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा विद्यार्थी भर्नाको लागि स्वीकृत गरेको जम्मा कोटाको १० (दश) प्रतिशत विद्यार्थीलाई अनिवार्य छात्रवृत्ति प्रदान गर्नुपर्नेछ । छात्रवृत्ति पाउने विद्यार्थीको सङ्ख्या निम्नानुसार गणना गरिने छ :

| विद्यार्थी भर्ना सङ्ख्या | ८ जना सम्म | ९ देखि १५ जना सम्म | १६ देखि २५ जना सम्म | २६ देखि ३५ जना सम्म | ३६ देखि ४५ जना सम्म | ४६ देखि ५५ जना सम्म | ५६ देखि ६५ जना सम्म | ६६ देखि ७० जना सम्म |
|---|---|---|---|---|---|---|---|---|
| छात्रवृत्ति सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ |

**५.छात्रवृत्तिका प्रकार र वृत्ति रकम**

(क) त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतका आङ्गिक/सम्बन्धन प्राप्त क्याम्पस/कलेजले आफूले सञ्चालन गरेको आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा निम्नलिखित छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(अ) जेहेन्दार छात्रवृत्ति (४० प्रतिशत),

(आ) आरक्षित छात्रवृत्ति (६० प्रतिशत)

(ख) नियम (४) बमोजिमको छात्रवृत्ति पाउने विद्यार्थीको सङ्ख्यालाई शतप्रतिशत कायम गरी ४० प्रतिशत पूर्ण खुल्ला रूपमा जेहेन्दार छात्रवृत्ति र ६० प्रतिशत स रकारी/सामुदायिक विद्यालयहरूबाट कक्षा १० (SEE) र कक्षा १२ (SLC) उत्तीर्ण गरेका तथा स्नाकोत्तरका हकमा आङ्गिक/सामुदायिक क्याम्पसबाट स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरूकालागि प्राथमिकता क्रममा समावेश गर्नेगरी आरक्षित छात्रवृत्ति वितरण गरिनेछ ।

(ग) उपनियम (क) को खण्ड (अ) र (आ) बमोजिमको छात्रवृत्ति पाउने व्यक्तिको हकमा उक्त शैक्षिक संस्थाले परीक्षा शुल्क, सेवाशुल्क, रजिस्ट्रेसन शुल्क बाहेक जम्मा शुल्कको **१५ प्रतिशत शुल्कमात्र** लिन पाउनेछन् ।

(घ). एकजना छात्रबृत्ति पाउने बिद्यार्थी सङ्ख्या कायम भएमा आरक्षित र जेहेन्दार दुवै कोटामा समानुपातिक रुपमा द्रिंनुपर्नेछ ।

**६. कोटा हस्तान्तरण हुन सक्ने** : यदि आरक्षित छात्रवृत्तिअन्तर्गतको कोटा रिक्त हुन आएमा योग्यताक्रमको सूचीअनुसार अर्को ब्यक्तिमा हस्तान्तरण हुने छ ।

**७. छात्रवृत्तिका लागि विद्यार्थी छनौट संरचना र प्रक्रिया**

(क) यस कार्यविधिअनुसार छात्रवृत्तिको उम्मेदवार छनौट गर्ने कार्यको लागि क्याम्पस/कलेज प्रमुखले आफ्नो वा निजले तोकेको व्यक्तिको संयोजकत्वमा अनिवार्य रूपमा सम्बन्धित कार्यक्रमको प्रमुख रहनेगरी

आवश्यकता र औचित्यताका आधारमा सङ्ख्या कायम गरी छात्रवृत्ति छनौट समिति गठन गर्न सक्नेछ । यदि क्याम्पसमा पहिले नै छात्रबृति छनौट समिति अस्तित्वमा छ भने सोही समितिलाई नै सक्रिय बनाउन सकिनेछ ।

**स्पष्टीकरण :** *छात्रवृत्ति छनौट समितिमा रहनका लागि निजको छोराछोरी, दाजुभाइ, दिदीबहिनी तथा एकाघरका अन्य सदस्यहरू छात्रवृत्तिको उम्मेदवार भएको वा स्वार्थ बाझिने अवस्था भएको हुनुहुँदैन । यदि यस्तो अवस्था रहेमा निज व्यक्ति उक्त समितिको सदस्य हुन सक्नेछैन ।*

(ख) यस निर्देशिका अनुसार क्याम्पस/कलेजमा भर्ना भई छात्रवृत्तिको लागि अनुसूची (२) बमोजिमको आवेदन दिएका उम्मेदवारहरूको योग्यताक्रम नियम ४, ५ र अनुसूची (१) बमोजिम निर्धारण गरी विद्यार्थीहरूको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(ग) यस निर्देशिकाअनुसार छात्रवृत्तिको उम्मेदवार छनौट भएका विद्यार्थीहरूका विवरण सार्वजनिक गरी भर्ना प्रक्रिया सकिएको ३० दिनभित्र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामावली आवश्यक कागजात सहित अनिवार्य रूपमा मानविकी तथा सामाजिकशास्त्र सङ्कायडीनको कार्यालयमा पेस गर्नुपर्नेछ ।

### ८. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता

छात्रवृत्ति दरखास्तकालागि देहायबमोजिम योग्यता र सर्तहरू पुरा भएको हुनुपर्नेछ :

(क) आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमको लागि मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालयले लिएको प्रवेश परीक्षा उत्तीर्ण गरी चाहेको क्याम्पस/कलेजमा भर्ना भई छात्रवृत्तिको लागि अनुसूची (२) बमोजिमको आवेदन दिएको हुनुपर्नेछ ।

(ख) आरक्षित छात्रवृत्ति अन्तर्गत स्नातक तहको लागि कक्षा ८ देखि कक्षा १२ सम्म सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरी कक्षा १० (SEE) र कक्षा १२ (SLC) सरकारी/सामुदायिक विद्यालयबाटै तथा स्नातकोत्तर तहको लागि स्नातक तह आङ्गिक/सामुदायिक कलेजबाट उत्तीर्ण गरेकोलाई प्राथमिकता दिइनेछ । तर नियम (५) को उपनियम (क) को खण्ड (अ) अनुसारको छात्रवृत्तिकालागि यो खण्ड लागु हुनेछैन । साथै यस कार्यविधिको नियम (५) बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा जेसुकै भनिएको भए तापनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा जुनसुकै विद्यालय/क्याम्पसबाट अध्ययन गरी भर्ना भएका विद्यार्थीहरूलाई समेत योग्यताक्रमका आधारमा छात्रवृत्ति उपलब्ध हुने ब्यहोराको जानकारी सम्बन्धित सबैलाई सूचित गराउनु पर्नेछ ।

(अ) अनुसूची (१) बमोजिम आरक्षित र जेहेन्दार छात्रवृत्तितर्फ आवेदन दिएका विद्यार्थीहरूकालागि छुट्टाछुट्टै योग्यताक्रमसूची प्रकाशित गर्नुपर्नेछ ।

(आ) छात्रवृत्ति छनौट समितिले अनुसुची (१) बमोजिम छात्रवृत्तिको योग्यताक्रम सूचिमा समावेश भएका सफल उम्मेदवारहरू छनौट गरी छात्रवृत्तिको पहिलो सूची (First Scholarship Awarded List) तीन दिनभित्र कबुलियतनामा गर्नेगरी प्रकाशित गर्नेछ । त्यसपछि पनि सिट बाँकी रहेमा फाराम भरेका तर छात्रवृत्ति प्राप्त गरिनसकेका उम्मेदवारहरूलाई दुई दिनभित्र कबुलियतनामा गर्ने गरी छात्रवृत्तिको दोस्रो सूची (Second Scholarship Awarded List) प्रकाशित गर्नेछ । त्यसपछि पनि सिट रिक्त रहेमा उम्मेदवारहरूको अन्तिम पटक छात्रवृत्तिको तेस्रो सूची (Third Scholarship Awarded List) आवश्यकताको आधारका प्रकाशित गर्नेछ ।

(ग) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(घ) नियम (५) को उपनियम (क) को खण्ड (आ) समूहकालागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनी/तोकेको जिल्ला/क्षेत्रमा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्रको सार्वजनिक विद्यालयमा कक्षा १० सम्म अध्ययन गरी SEE\ SLC परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ङ) छात्रवृत्तिको लागि तोकिएको योग्यताको न्यूनतम तह नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालय/क्याम्पसबाट उत्तीर्ण भएको मितिले ३ बर्षभन्दा बढी अवधि (शैक्षिक प्रमाणपत्रमा उल्लेख भएको Completion Date बाट छात्रवृत्तिको सूचनामा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेस गर्न सक्नेछन् । यसका लागि शैक्षिक प्रमाण पत्रमा ( Completion Date (Year-Month-Date) खुलाएको प्रमाणित कपी समेत आवश्यक पर्नेछ ।

(च) नियम (५) को उपनियम (क) को खण्ड (आ) समूहको छात्रवृत्तिको लागि नेपाल सरकारको निर्णयानुसार 'विपन्न, दुर्गम, दलित, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम, सहिद तथा जनआन्दोलनका घाइते पीडित परिवार' भनी सम्बन्धित निकाय/तहबाट सिफारिस लिई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

छ.. जेहेन्दार छात्रवृति अन्तर्गत पहिलो समेस्टरमा पवेश परिक्षाको प्राप्तांक समेतको आधारमा अन्य विषयहरु समेत गरी छात्रवृति प्रदान गरिने छ । बाँकी सेमेस्टरका हकमा भने कक्षामा पहिलो हुने एकजनालाई सिधै जेहेन्दार छात्रबृति दिइने छ । एक जनालाइ दिएर बाँकी रहेको कोटामा भने नियम अनुसार निवेदन लिएर निर्णय गरी छात्रवृति प्रदान गरिनेछ । यसरी छात्रवृति प्रदान गर्दा प्रवेश परीक्षाको सट्टामा सेमेस्टर परीक्षामा पाएको GPA लाई १० ले गुणा गरी अङ्क कायम गरिने छ ।

(ज) कुनै पनि छात्रवृति प्राप्त गर्न निवेदन दिने मितिसम्म कम्तिमा ८५ प्रतिशत हाजिरी हुनुपर्नेछ ।

**९. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

(क) सबै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिँदा देहायका कागजातहरू समेत पेस गर्नुपर्नेछ ।

(अ) नेपाली नागरिकताको प्रतिलिपि,

(आ) कक्षा ८ र SEE वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र तथा विद्यालयले दिएको चारित्रिक प्रमाणत्रको प्रतिलिपि,

(इ) +2/ कक्षा १२ / प्रमाणपत्र तहको परीक्षाको प्राप्ताङ्कको एकीकृत अभिलेख (Transcript) र सम्बन्धित संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ई) स्नातक तहको परीक्षाको प्राप्ताङ्कको एकीकृत अभिलेख (Transcript) र सम्बन्धित क्याम्पसले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ख) नियम (५) को उपनियम (क) को खण्ड (आ) समूहकालागि दरखास्तदिने उम्मेदवारहरूले नियम (९) उपनियम (क) बमोजिमको कागजातका अतिरिक्त देहायबमोजिमको सिफारिस पेस गर्नुपर्नेछ ।

(अ) नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि/तोकेको जिल्ला/क्षेत्रमा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्रको सरकारी/सामुदायिक विद्यालयमा कक्षा १० सम्म अध्ययनगरी SEE/ SLC परीक्षा उत्तीर्ण गरेको सिफारिस ।

(आ) नेपाल सरकारको निर्णयानुसार 'विपन्न, दुर्गम, दलित, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम, सहिद तथा जनआन्दोलनका घाइते पीडित परिवार' भनि सम्बन्धित निकाय/तहबाट प्राप्त सिफारिस ।

**१०. उम्मेदवार छनौट गर्ने आधार**

(क) उम्मेदवारले प्राप्त गरेको अनुसूची (१) बमोजिमको अङ्क नै उम्मेदवार छनौट गर्ने आधार हुनेछ ।

(ख) छात्रवृत्तिको योग्यताक्रम नियम (क) अनुसार निर्धारण गर्दा प्राप्ताङ्क बराबर भई योग्यताक्रम निर्धारण गर्न कठिनाइ भएमा बरावर अङ्क ल्याउने आवेदकहरुलाई दामासाहीले वितरण गरिने छ।

(ग) उपनियम (क) र (ख) बमोजिम अङ्क प्राप्त गरेका उम्मेदवारको योग्यताक्रम सूची प्रकाशित गरिनेछ ।

**११. छात्रवृत्ति प्राप्त विद्यार्थीले कबुलियत गर्नुपर्ने :**

(क) नियम (१०) को उपनियम (ग) अनुसार छनौट सूचिमा परेका उम्मेदवारहरूले निम्नलिखित सर्तहरु पालन गर्नेगरी कवुलियत गर्नुपर्नेछ ।

(अ) छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीहरूले सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन नगरी तोकिएको शैक्षिक उपाधि हासिल गर्नुपर्नेछ ।

(आ) विश्वविद्यालय वा सम्बन्धित शैक्षिक संस्थाको प्रतिष्ठामा आँच पुऱ्याउने किसिमको कुनै पनि कार्य गर्न पाइनेछैन ।

(इ) आरक्षित छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले प्रत्येक सेमेष्टरको अन्तिम परीक्षा उत्तीर्ण भई कम्तिमा SGPA 2.5 कायम गर्नुपर्नेछ अन्यथा उक्त विद्यार्थीको तत्पश्चात्को सेमेस्टरबाट छात्रवृत्ति स्वतः रद्द हुनेछ तर त्यस्ता विद्यार्थीहरूले शुल्क तिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन् । त्यसरी अध्ययन जारी राखेपश्चात् पुनः न्यूनतम SGPA कायम गरे पनि बाँकी समयको छात्रवृत्ति भने उपलब्ध हुनेछैन । सो सम्बन्धिको जानकारी सम्बन्धित शैक्षिक संस्थाले मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालयलाई गराउनुपर्नेछ ।

(ई) जुनसुकै कारणवश कुनै विद्यार्थीको छात्रवृत्ति रद्द भएको अवस्थामा विद्यार्थी सङ्ख्यासमायोजन पश्चात् उक्त शैक्षिक संस्थाले नियम (८) को आधारमा नियम (४) बमोजिमको सङ्ख्या कायम हुनेगरी छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ र सो को जानकारी सम्बन्धित निकायले मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालयलाई गराउनुपर्नेछ ।

(ख) यदि कुनै कारणवश छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी अर्को शैक्षिक संस्थामा स्थानान्तरण भइगएमा त्यस्ता विद्यार्थीहरूको छात्रवृत्ति कायम रहनेछैन तर शुल्कतिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन ।

(ग) छात्रबृति प्राप्त गर्ने विद्यार्थी कलेज क्याम्पस प्रति उत्तरदायी बन्नु पर्ने छ, उक्त बिद्यार्थी कलेजको निन्दा गर्ने वा अफवाह फैलाउने कार्यमा सहभागी हुने छैन।

**१३. विविध :**

(क) छात्रवृत्ति छनौट समितिको वैठक भत्ता विश्वविद्यालयको आर्थिक नियमावलीले तोकेबमोजिम हुनेछ ।

**१४. कार्यविधि व्याख्या र बाधा फुकाउने अधिकार**

यो निर्देशिकाको व्याख्या र नियम प्रयोग गर्दा परेका बाधा अड्काउ फुकाउने अधिकार मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालयलाई हुनेछ ।

## अनुसूची (१)

## छात्रवृत्तिको योग्याताक्रम निर्धारण गर्ने आधार

**१.१. स्नातक तह**

| क्र.स. | विवरण | आरक्षित | जेहेन्दार |
|---|---|---|---|
| १ | लिखित परीक्षा (Entrance Exam) | २० % | ४० % |
| २ | अध्ययन गरेको शैक्षिक संस्था<br>(क) SEE/SLC(सरकारी/सामुदायिक)<br>(ख) १२ कक्षा (सरकारी/सामुदायिक) | <br>१५ %<br>१५ % | |
| ३ | विपन्न | ५ % | |
| | महिला | ६ % | |
| | दुर्गम | १ % | |
| | दलित | २ % | |
| | जनजाति | २ % | |
| | अपाङ्ग | १ % | |
| | मधेशी समुदाय | १ % | |
| | मुस्लिम समुदाय | १ % | |
| | शहिद वा जनआन्दोलनका घाइते परिवार | १ % | |
| ४ | शैक्षिक उपलब्धि<br>(क) SEE/SLC को GPA<br>(ख) १२ कक्षा को GPA | <br>१० %<br>२० % | <br>२० %<br>४० % |
| | जम्मा | १०० % | १०० % |

टिप्पणी :

(क) पवेश परीक्षामा पाएको कुल प्राप्ताङ्कलाई आरक्षित तर्फ ५ तथा जेहेन्दार तर्फ २.५ ले ले भाग गरेर अङ्क कायम गरिने छ। .

(ख) **क. स.** ४ को शैक्षिक उपलब्धि हिसाब गर्दा विद्यार्थीले SEE र +२ तहमा प्राप्त गरेको GPA लाई आरक्षिततर्फ क्रमशः २.५ र ५ ले तथा जेहेन्दारतर्फ क्रमसः ५ र १० ले गुणन गरी निकाल्नुपर्नेछ तर उक्त तहहरूको मूल्याङ्कन प्रणालीमा औसत ग्रेड अङ्क (GPA) ४.०० भन्दा फरक भएमा सोही समायोजन गरेबमोजिम गुणन गरी निकाल्नुपर्नेछ।

(ग) आरक्षित तर्फ अङ्कको गणना गर्दा मानौ एकजना कविता सुनार भन्ने विद्यार्थीले निवेदन दिन्छिन, उनले सरकारी विद्यालयबाटै SEE र SLC पास गरेकी छिन् । उनी बाजुरा जिल्लाबाट आएकी हुन् र उनलाइ त्यहाँको पालिकाले विपन्न परिवारको प्रमाणपत्र दिएको छ । उनले SEE मा ३.५, SLC मा ३.२ र प्रवेस परीक्षामा ७० अङ्क ल्याएकी छिन। उनले पाउने अङ्कको गणना निम्न अनुसार हुन्छ ।

| शिर्षक | अङ्क |
|---|---|
| प्रवेश परीक्षा | १४ |
| सरकारी विद्यालय (SEE) | १५ |
| सरकारी विद्यालय (SLC) | १५ |
| महिला | ६ |
| बिपन्न | ५ |
| दुर्गम | १ |
| दलित | २ |
| SEE को अङ्क | ८.७५ |
| SLC को अङ्क | १६ |
| जम्मा अङ्क | ७२.७५ |

Faculty of Humanities and Social Scie
Dean's Office
T.U.

१.२. स्नातकोत्तर

| क्र.स. | विवरण | आरक्षित | जेहेन्दार |
|---|---|---|---|
| १ | लिखित परीक्षा ( Entrance Exam) | २० % | ४० % |
| २ | अध्ययन गरेको शैक्षिक संस्था (क)<br>१२ कक्षा (सरकारी/सामुदायिक)<br>(ख) स्नातक तह (आङ्गिक /सामुदायिक) | <br>१५ %<br>१५ % | |
| ३ | विपन्न | ५ % | |
| | महिला | ६ % | |
| | दुर्गम | १ % | |
| | दलित | २ % | |
| | ज्नजाति | २ % | |
| | अपाङ्गता | १ % | |
| | मधेशी समुदाय | १ % | |
| | मुस्लिम समुदाय | १ % | |
| | शहिद वा जनआन्दोलनका घाइते परिवार | १ % | |
| ४ | शैक्षिक उपलब्धि<br>(क) १२ कक्षा को GPA<br>(ख) स्नातक तहको CGPA | <br>१० %<br>२० % | <br>२० %<br>४० % |
| | जम्मा | १०० % | १०० % |

**टिप्पणी** : क्र.स. ४ को शैक्षिक उपलब्धि हिसाब गर्दा विद्यार्थीले +२ र स्नातक तहमा प्राप्त गरेको GPA लाई आरक्षिततर्फ क्रमशः २.५ र ५ ले तथा जेहेन्दारतर्फ ५ र १० ले गुणन गरी निकाल्नुपर्नेछ। तर उक्त तहहरूको मूल्याङ्कन प्रणालीमा औसत ग्रेड अङ्क (GPA) ४.०० भन्दा फरक भएमा सोहीअनुसार समायोजन गरेबमोजिम गुणन गरी निकाल्नुपर्नेछ।

Faculty of Humanities and Social Sciences
Dean's Office

## अनुसूची (२)
## छात्रवृत्ति दरखास्त फारम

मिति :

श्री ........................................

त्यस क्याम्पस/विभागको मिति..............................................गते प्रकाशित सूचनाअनुसार निम्न बमोजिम विवरणसहित छात्रवृत्तिको लागि दरखास्त पेस गरेको छु।

१. नाम, थर (अङ्ग्रेजीमा सबै B LO C K LETTER मा लेख्नुहोला)।

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| देवनागरि | | | | | | | | | | | | | | | | | | | | |
| अंग्रेजी | | | | | | | | | | | | | | | | | | | | |

२.नागरिकता नम्बर.................. जारी भएको जिल्ला...................... जारी भएको मिति....................

३. लिङ्ग: (क) स्त्री (ख) पुरुष (ग) अन्य

४.स्थायी ठेगाना : ............................................................................................................

५. हालको ठेगाना : ............................................................................................................

६. सम्पर्क फोन नं. :...........................................इमेल ठेगाना :...........................................

७. अध्ययन गर्न चाहेका कार्यक्रम :............................................................

८. बाबुको नाम :............................................................

९ आमाको नाम :............................................................

१०. स्थानीय अभिभावकको नाम :....................................

११. आफूले अध्ययन गरी उत्तीर्ण गर्नुभएको शैक्षिक संस्थाको प्रकारमा गोलो चिह्न लगाउनुहोस।

| | |
|---|---|
| ११.१ कक्षा १० | क. सरकारी/सामुदायिक |
| | ख. संस्थागत/निजी |
| ११.२कक्षा १२ | क. सरकारी/सामुदायिक |
| | ख. संस्थागत/निजी |
| ११.३ स्नातकतह | क. आङ्गिक |
| | ख. सम्बन्धन प्राप्त |

१२. शैक्षिक योग्यता सम्बन्धी विवरण:

| उत्तीर्ण गरेको परीक्षा | शिक्षण संस्थाको नाम र ठेगाना | उत्तीर्ण साल | पूर्णाङ्क | प्राप्ताङ्क/CGPA | प्रतिशत/ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १२.१ कक्षा १० | | | | | | |
| १२.२ कक्षा १२ वा सो सरह | | | | | | |
| १२.३ स्नातक तह | | | | | | |

१३. आफूले कुन प्रकारको छात्रवृत्तिमा आवेदन दिन चाहेको हो सोहीमा गोलो चिह्न लगाउनुहोस् ।

| | |
|---|---|
| १३.१ छात्रवृत्ति प्रकार | अ. जेहेन्दार छात्रवृत्ति<br>आ. आरक्षित छात्रवृत्ति |
| १३.२ आरक्षित समूहमा पर्ने भए, सम्वन्धित समूहमा गोलो चिह्न लगाउनुहोस ।<br>**(क)**विपन्न **(ख)**महिला **(ग)** दुर्गम<br>**(घ)**दलित **(ङ)**जनजाति **(च)**अपाङ्ग<br>**(छ)**मधेशी समुदाय **(ज)**मुस्लिम समुदाय<br>**(झ)**शहिद वा जनआन्दोलनका घाइते परिवार | त्रि.वि. छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०७९ को नियम (५) बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सरकारी/सामुदायिक विद्यालयहरूबाट एसईई /वा एसएलसी उत्तीर्ण गरेका तथा आङ्गिक/सामुदायिक क्याम्पसबाट स्नातक उत्तीर्ण विद्यार्थीहरूलाई प्राथमिकतामा राख्नुपर्ने भनिए तापनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा जुनसुकै विद्यालय/क्याम्पसमा अध्ययन गरी उत्तीर्ण भएका विद्यार्थीहरूलाई समेत योग्यताक्रम(Merit) का आधारमा छात्रवृत्ति उपलब्ध गराइने सर्तमा आवेदन पेस गर्ने । |

१४. निम्नबमोजिमका कागजपत्रहरू संलग्नगरी गोलो चिह्न लगाउनुहोस् । साथै तल उल्लेखित बुँदा नं. ४ मा भनिएका कागजातहरू संस्थागत/निजी विद्यालयमा अध्ययन गर्नेले गर्नुपर्दैन ।

| | |
|---|---|
| १. आवेदन दस्तुर बुझाएको रसिद | २. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि |
| ३. कक्षा ८, १० र १२ को लब्धाङ्कपत्र/ट्रान्सक्रिप्ट ( स्नातक तहको लागि) र स्नातक तहको लब्धाङ्कपत्र/ट्रान्सक्रिप्ट (स्नातकोत्तर तहको लागि) प्रमाणित प्रतिलिपि | ४. कक्षा ८, १० र १२ अध्ययन गरेको विद्यालय सार्वजनिक/सामुदायिक हुनुका साथै नेपाल सरकारको अनुदानमा सञ्चालन भएको विद्यालय हो भनी तथा स्नातक अध्ययन गरेको क्याम्पस आङ्गिक हो भनी सिफारिस पत्र |
| ५. आरक्षित समूहकालागि सम्बन्धित निकाय/तहबाट सिफारिस पत्र | |

उल्लेखित विवरण र पेश गरिएका कागजातहरू सबै ठीक छन् । झुट्टा ठहरिए प्रचलित कानुनबमोजिम सजाय भोग्न तयार छु । साथै रित नपुगेको निवेदन कुनै पनि समयमा रद्द गरिएमा कहीकतैं गुनासो वा उजुरवाजुर गर्नेछैन । साथै त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा छात्रवृत्तिसम्बन्धी निर्देशिका, २०८०मा भएको व्यवस्थाअनुसार छात्रवृत्तिको आवेदन माग गरिएको कुरा मैले बुझेको छु र यसमा मेरो मञ्जुरी रहेको छ ।

उम्मेदवारको दस्तखत :

मितिः

उम्मेदवारको ल्याप्चे

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची (३)

## सिफारिस

मितिः.............................

श्री ...................................................

...................................................

विषय : **<u>सार्वजनिक विद्यालय/आङ्गिक क्याम्पसबाट उत्तीर्ण गरेको सिफारिस</u>**

उपर्युक्त सम्बन्धमा श्री .................................... को नाति/नातिनी श्री .....................................को छोरा/छोरी................................................जिल्ला...........................गा.पा./न.पा./उप.म.न.पा./म.न.पा ........ वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................................... मिति ........................देखि...............................सम्म ........................................................................ विद्यालय/क्याम्पसमा अध्ययन गरी एसइइ/एसएलसी (कक्षा..........)/स्नातक तह उत्तीर्ण गरेका विद्यार्थी हुन् । यो विद्यालय/क्याम्पस सार्वजनिक विद्यालय/ आङ्गिक क्याम्पस हुनुका साथै नेपाल सरकारको अनुदानमा सञ्चालन भएको जानकारी गराइन्छ । माथि लेखिएको ब्येहोरा ठिक साँचो छ, झुठा ठहरे कानुनबमोजिम सहुँला बुँझाउला ।

कार्यालयको छापः

सिफारिस गर्ने अधिकारीको :-

सहीः

नामः

पदः

कार्यालयः

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U.

## अनुसूची (४)

## कबुलियतनामा

श्री..............................................को नाति/नातिनी श्री...........................................को छोरा/छोरी ................................जिल्ला..............................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा ........ वडामा मिति..........................जन्म भएको म...........................................................त्रिभुवन विश्वविद्यालयको आङ्गिक/सम्बन्धन प्राप्त........................................ क्याम्पस/विभागको ................................ कार्यक्रममा मिति........................... मा भर्ना भई छात्रवृत्तिका लागि समेत छनौट भएकाले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा छात्रवृत्तिसम्बन्धी निर्देशिका, २०८० को नियम (११) बमोजिमका सर्तहरू पालन गर्नेगरी यो कबुलियतनामा गरी क्याम्पस मार्फत त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालय, बल्खु, काठमाडौंमा बुझाएँ ।

छात्रवृत्ति पाउने विद्यार्थीको
सही :
नाम :
ठेगाना :
मिति :

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U.